# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३६ | अंक २०० | बुटवल | २०८१ साउन ०२, गते बुधबार | नेपाल संवत ११४४ | Wednesday July 17, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं

तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

सुपर काइनेटिक
कुरियर्स सर्भिस

ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको
भवन) फोन:- ०७१५४२५७१


### चौराहा–गोलपार्क सडकको नयाँ ठेक्का आह्वान

# होला त ६ महिनामा पूरा ?

**अर्थमन्त्री विष्णु पौडेलकै अगुवाइमा यो सडक निर्माण योजनाको काम अघि बढे पनि ठेकेदारले समयमा नभ्याएकोमा नेता पौडेललाई जोडेर आलोचना हुँदै आएको थियो ।**

**लुम्बिनी संवाददाता**

*बुटवल*



बुटवलको राजमार्ग चौराहादेखि गोलपार्कसम्मको सडक सात वर्षमा पनि पूरा नभएपछि पुरानो ठेक्का रद्द गरी नयाँ ठेक्का आह्वान गरेको छ । बुटवलको चौराहादेखि गोलपार्कसम्मको ३.२५ किलोमिटर सडक ६ लेनमा विस्तारका लागि सात वर्षअघि बिरुवा कन्स्ट्रक्सन कम्पनी प्रालिले ठेक्का पाएको थियो ।

पटक-पटक म्याद थप्दासमेत सात वर्षसम्म काम सम्पन्न नभएपछि डिभिजन सडक कार्यालय बुटवलले गत बैशाख १३ गते ठेक्का रद्द गरेको थियो । तर निर्माण व्यवसायी अदालत गए पनि अन्तरिम आदेश नआएपछि नयाँ टेन्डर आह्वान गरिएको हो ।

नयाँ ठेक्काअनुसार ६ महिनाभित्र सक्ने गरी ५८ करोड लागतमा टेन्डर सूचना प्रकाशन गरिएको सडक डिभिजन कार्यालय बुटवलका सूचना अधिकारी इञ्जिनियर महेश्वर लम्सालले जानकारी दिए । सडक बनाउन ठेक्का लिन चाहनेहरुले साउन ३१ गतेसम्म टेण्डर बिड गर्न सक्ने र साउन ३१ गते नै टेण्डर खोलिने सूचनामा उल्लेख छ ।

२०६९ सालमा ४ लेनमा निर्माण भएको यो खण्डपछि ६ लेनमा विस्तार गर्ने योजना अघि बढेको थियो । उक्त योजनाअनुसार ६ लेन सडकको काम सुरु भएर हालसम्म करिब ३५ करोड रुपैयाँ खर्च भइसकेको छ । तर, आधा पनि काम भएको छैन । यो सडकमा अन्तर्राष्ट्रियस्तरको अस्फाल्ट पिच गर्ने योजना रहेको इञ्जिनियर महेश्वर लम्सालले जनाए । सम्झौताअनुसार २०७६ असोज १२ गतेसम्म सक्नुपर्नेमा नसकेपछि २०८० चैत मसान्तसम्म पूरा गर्ने गरी म्याद थपिएको थियो ।

कञ्चनजंघा बिरुवा जेभी काठमाडौंले भ्याट तथा भेरिएसनसहित ५३ करोड ९७ लाख ९९ हजार चार सय ६७ रुपैयाँमा ठेक्का पाएको यो सडक पूरा गर्न सो कम्पनीसँग ०७६ सम्ममा सडक विस्तार सक्नेगरी १७ चैत ०७३ मा ठेक्का सम्झौता भएको थियो । तर, पटक-पटक म्याद थप्दासमेत सात वर्षसम्म विस्तार सम्पन्न नभएपछि डिभिजन सडक कार्यालय बुटवलले उक्त ठेक्का रद्द गरेको हो ।

निर्माण कम्पनीले काम अलपत्र पार्नुका साथै दिएको निर्देशनसमेत बेवास्ता गरेपछि ठेक्का नै रद्द गरेर नयाँ टेन्डरको गरिएको इञ्जिनियर लम्सालले बताए ।

कार्यालयका अनुसार १२ असोज ०७६ मा निर्माण सम्पन्न गर्ने गरी सो सम्झौता भएको थियो । ठेक्का सम्झौताका बेला सडक कार्यालयमा पेस गरेको निर्माण कार्य तालिकाअनुसार काम नभएपछि वर्षौं बित्दा पनि कामले गति लिन सकेन । निर्माणाधीन साइटमा अवरोधदेखि कोभिड महामारीको प्रभावसमेत परेपछि पटक-पटक गरेर म्याद थप गरिएको थियो ।

हालसम्म आर्थिक प्रगति ५० दशमलव ७७ प्रतिशत तथा भौतिक प्रगति जम्मा ५४ प्रतिशत रहेको इञ्जिनियर दाहालले जनाए ।

सर्भिस लेन ठूलो र पार्किङ व्यवस्थापनसमेत मिल्ने गरी नयाँ डिजाइन गरेर काम अगाडि बढाउने तयारी छ । त्यस्तै, सडकमै नाइट स्टल राख्न मिल्ने पनि बनाइँदैछ । बुटवल सिटी मार्केटलाई असर नपर्ने गरी सडकको दुवै किनारामा रेलिङ राखिनेछ ।

यहाँ फुटपाथ तीन मिटर, सर्भिस लेन सात मिटर, ग्रिनबेल्ट साथै स्टल साढे दुई मिटर र मुख्य लेन साढे १० मिटरका हुनेछन् ।

ग्रिनबेल्ट तथा स्टल कहाँ, कसरी राख्नेबारे छलफल गरेर व्यवस्थित रूपमा काम अगाडि बढाइने कार्यालयले जनाएको छ । सडकमा हरियाली बढाउन बिरुवा लगाइनेछ भने रातमा सहरको सुन्दरता बढाउन सडकबत्तीको व्यवस्था गरिनेछ । करिब ५० करोडको इस्टिमेट गरी सहमतिका लागि अर्थमा पठाइएको र अर्थबाट सहमति आएर नयाँ ठेक्का प्रक्रिया अघि बढेको लम्सालको भनाइ छ ।

अर्थमन्त्री विष्णु पौडेलकै अगुवाइमा यो सडक निर्माण योजनाको काम अघि बढे पनि ठेकेदारले समयमा नभ्याएकोमा नेता पौडेललाई जोडेर आलोचना हुँदै आएको थियो ।

# प्रादेशिक अस्पतालमा निःशुल्क टिकट खारेज

लुम्बिनी प्रादेशिक अस्पताल र राप्ती प्रादेशिक अस्पतालमा निःशुल्क टिकट साउन १ गतेदेखि खारेज भएको छ । अस्पताल प्रशासनका अनुसार, प्रदेश सरकारले अस्पताललाई अघिल्लो वर्षको सोधभर्ना वापतको पैसा नदिने भएपछि शुल्क लिन थालिएको हो ।



**आचार्य प्रदीप**

*बुटवल*

गत आर्थिक वर्ष २०७९/८० अन्तर्गत ०७९ साउन १ गतेदेखि लुम्बिनी र राप्ती प्रादेशिक अस्पतालमा आकस्मिक र बहिरंग सेवा(ओपीडी)को टिकट तथा (जनरल बेडचार्ज) शैयावापत शुल्क नलाग्ने व्यवस्था गरिएको थियो । यसले बिरामीहरुले निःशुल्क सेवा पाइरहेका थिए भने अस्पतालले पनि सरकारबाट रकम पाएको थियो । तर लुम्बिनी प्रदेश सरकारले चालु आर्थिक वर्ष २०८०/८१ का लागि सोही कार्यक्रमलाई सोधभर्ना रकम दिने कुनै निर्णय नगर्दा लुम्बिनी प्रादेशिक अस्पतालले पुनः ओपीडी टिकट र बेडचार्ज बापतको रकम लिने भएको छ । अस्पतालले एक सूचना जारी गर्दै सो वापत न्यूनतम रकम लिने निर्णय भएको जनाएको हो । गत आर्थिक ववर्षमा प्रदेश सरकारले ओपीडी टिकट र जनरल बेडचार्ज बापतको रकम सोधभर्ना दिने निर्णय गरेकोले निःशुल्क गरिएको सेवा चालु आर्थिक वर्षको नीति कार्यक्रम तथा बजेटबाट हटाइएपछि पुनः ओपीडी टिकट र बजेडचार्ज बापतको रकम लाग्ने अस्पतालले जनाएको छ ।

अस्पतालका प्रमुख डा. बिनोद गिरीले प्रदेश सरकारले सोधभर्ना नदिने भएसँगै ठूलो रकम खर्च हुने भएकोले पुनः रकम लिने निर्णय भएको उनले जानकारी दिए । अस्पतालले जारी गरेको सूचनामा ओपीडी टिकट नयाँको लागि ३० रुपैयाँ, पुरानो नविकरणको १५ रुपैयाँ तथा जनरल बेडचार्ज प्रतिदिन ३० रुपैयाँ लाग्ने जानकारी गराइएको छ ।

अस्पतालका प्रमुख डा. विनोद गिरीले ८ वर्ष पुरानो दररेटसहित पुनः लिन बाध्य भएको जानकारी दिए । उनले भने-'हाम्रोमा कर्मचारी संख्या धेरै छ । प्रदेश सरकारले खर्च तिर्दा हामीलाई समस्या थिएन्, तर कार्यक्रम हट्यो, हामीले त्यो खर्चको भार हामी थेग्न सक्दनो त्यसैले पुनः रकम लिन थाल्यौं ।'

प्रदेश सरकारले गएको आर्थिक वर्षमा मात्रै १ करोड रकम सोधभर्ना वापत अस्पताललाई प्रदान गरेको अस्पतालका अधिकृत(लेखा) धनश्याम भुसालले जानकारी दिए । उनले गत आर्थिक वर्षभरमा आएका बिरामीको टिकट र बेडचार्ज वावतको मात्रै एक करोड रुपैयाँ आएको जनाए ।

**कर्मचारीको जम्भो टोली**

पटक-पटक भइरहने सरकार परिवर्तनसँगै परिवर्तन हुने अस्पताल विकास समिति अध्यक्ष तथा मेडिकल सुपरिटेण्डेन्टले कर्मचारीहरु थप्दा बुटवल स्थित लुम्बिनी प्रादेशिक अस्पतालले कर्मचारीहरुको खर्च धान्न हम्यहम्य परेको छ ।

अस्पतालका प्रशासन प्रमुख राजन केसीले अस्पतालमा ८ सय ५०/५५ जना कर्मचारीहरु रहेको जानकारी दिए । उनले ती कर्मचारीहरुलाई तलब दिनको लागि भए पनि शुल्क लिनुपर्ने बाध्यता रहेको बताए ।

हाल अस्पाल विकास समिति निश्क्रिय रहेको र मेडिकल सुपेरिटेन्डेनको जिम्मेवारी समेत निश्क्रिय हुँदा अस्पतालले छुट्टै निर्णय गर्न नमिल्ने उनले जनाए ।

» बाँकी ३ पेजमा

# रूपन्देहीमा 'मेरो सवारी मेरो लेन' अभियान



**मोहम्मद हबिब**

*भैरहवा*

रुपन्देहीमा मेरो सवारी मेरो लेन अभियानअन्गर्तत ११ हजार ६ सय १२ ठूला सवारीसाधान, १९ हजार ५ सय ८३ वटा साना सवारीसाधान सचेत गराइएको छ । सवारी चालकलाई लेन अनुसान सिकाउने उद्देश्यले एक सातादेखि रुपन्देहीका विभिन्न सडकहरुमा यो अभियान गरिएको थियो । अभियानमा चालकहरुलाई सुसूचित गर्ने र बढ्दो सवारी चापसँगै लेन अनुशासनका उल्लघंन गर्दा हुने दुर्घटना न्यूनीकरणमा टेवा पुग्ने विश्वासका साथ ६ हजार सचेतनामुलक पर्चा, ५ हजार लेनअनुसानको स्टिकर समेत सवारीसाधनमा टासिएको छ । अभियानअन्तर्गत चलकहरुलाई गति, लेन र सडक प्रयोगकर्ता चालक वा पैदलयात्रुलाई लेन अनुशासनबारे जानकारी गराइएको थियो । बेलहियास्थित सीमा नाकामा बसमा 'मेरो सवारी, मेरो लेन' लेखिएको स्टीकर टाँसेर गृह सचिव एकनारायण अर्यालले अभियानाको थालनी गरेका थिए । जिल्ला प्रशासन कार्यालय रुपन्देहीको अग्रसरता तथा नेपाल बिमा प्राधिकरण लुम्बिनी प्रदेशको सहकार्यमा गरिएको अभियानमा नेपाल प्रहरी, ट्राफिक प्रहरी, स्वयसेवकको रुपमा विभिन्न संघ संस्था र भैरहवा क्षेत्रका ३ वटा विद्यालयका विद्यार्थीहरु रहेका थिए ।

अभियानले चालकहरुमा थाहा भई पनि लेन अनुशासन पालन नगरेको, थाहै नपाई गलत लेनमा हिंडेको, कुन लेनमा कति गति हिड्नेबारे पनि अनविज्ञ रहेको पाइएको छ । एक साताको अभियामनमा सबैलाई सुसूचित गराइए पनि अब भने यसलाई निरन्तर पालना गर्नका लागि ट्राफिक खटिने र कारबाही समेत गर्नेछ । सभ्य नागरिकको परिचय दिनका लागि तोकिएको लेनमा तोकिएको स्पीडमा हिंड्नु पर्ने नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय बुटवलका प्रमुख एसपी श्याम बहादुर खत्रीले बताए । एक सातासम्म जिल्लामा रहेका संघसंस्थासँग समन्वय गरेर प्रत्येक दिन सडकमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको थियो ।

» बाँकी ३ पेजमा

# 'दुई ठूला दल मिल्दा निजी क्षेत्र उत्साहित'



**लुम्बिनी संवाददाता**

*बुटवल*

दुई ठूला दल मिलेर सरकार बनाउँदा राजनीतिक स्थायित्वको आशा बढेको र यसबाट सानादेखि ठूला लगानीकर्ता, नेपालको बजार एवं उद्योगीहरुमा उत्साह बढेको नेपाल उद्योग वाणिज्य महासंघका अध्यक्ष चन्द्रप्रसाद ढकालले बताएका छन् ।

राजनैतिक तथा नीतिगत अस्थिरताका कारण नेपालमा स्वदेशी तथा विदेशी लगानी बढ्न नसकेको उल्लेख गर्दै अध्यक्ष ढकालले अब भने संसदमा रहेका दुई प्रमुख दल कांग्रेस र एमाले मिलेर बनेको सरकारले नेपालमा राजनीतिक तथा नीतिगत स्थायित्व दिनसक्ने आशा व्यक्त गरे । दुई दलको मिलेर सरकार बनेपछि लगानीकर्ताहरुमा आत्मविश्वास बढ्नगइ मुलुकमा आर्थिक गतिविधिमा वृद्धि हुने अपेक्षा गरिएको ढकालले जनाए ।

यो सरकारले स्थायित्वको सुनिश्चितता दिएपछि आन्तरिक तथा बाह्य दुवै लगानीकर्ता, उद्योगी र आम उपभोक्ता तथा नागरिकमा उत्साह र आत्मविश्वास बढ्न सक्छ र यसबाट अर्थतन्त्र चलायमान बन्न सहयोग पुग्नसक्ने ढकालको विश्वास छ ।

अध्यक्ष ढकालले तीन पटकसम्म मुलुकको नेतृत्व गरिसकेका, निजी क्षेत्रमैत्री र विशिष्ट निणर्य क्षमताका कारण प्रधानमन्त्री ओलीको प्रधानमन्त्रीकालमा निजी क्षेत्रलाई व्यवसाय विस्तार र अर्थतन्त्र पुनरुत्थानमा सहज हुने विश्वास व्यक्त गरे ।

ढकालले पहिलो दिनमै मन्त्रिपरिषद्लाई पूणर्ता दिई परिणाममुखी भएर काम गर्न मन्त्रीहरुलाई प्रधानमन्त्री ओलीले दिएको निर्देशनले निजी क्षेत्रलगायत समग्र अर्थतन्त्रमा सकारात्मक सन्देश प्रवाह भएको रुपमा आफूले लिएको पनि उल्लेख गरे ।

अर्थ मन्त्रालयमा यसअघि पनि पटक-पटक अर्थमन्त्रालय सम्हालिसकेका अनुभवी र बजारको रोजाइमा रहेका अर्थमन्त्री विष्णु पौडेलको आगमनलाई निजी क्षेत्रले सकारात्मक रुपमा लिएको उनले बताए ।

'अहिले मुलुकको अर्थतन्त्र अप्ठेरो अवस्थामा छ । सरकार, निजी क्षेत्र र अन्य सरोकारवाला निकायको निरन्तरको प्रयासबाट विस्तारै आफ्नो लयमा फर्किन लागेको मुलुकको अर्थतन्त्रले अनुभवी अर्थमन्त्री खोजेको समयमा विष्णु पौडेलको नेतृत्वले यस क्षेत्रमा पनि सकारात्मक सन्देश प्रवाह गरेको छ,'-ढकालले भने-'अर्थ मन्त्रीका रुपमा विष्णु पौडेल एक अनुभवी व्यक्ति हुनुहुन्छ । उहाँले आफूलाई एक सफल अर्थमन्त्रीका रुपमा स्थापित गरिसक्नुभएको छ । अहिलेको अर्थतन्त्रका चुनौतीहरु सामना गर्न उहाँ एक सक्षम व्यक्ति हो भन्ने हामीलाई लागेको छ ।'

नेपालको समग्र निजी क्षेत्र अर्थमन्त्रीसँग सहकार्य गरेर अर्थतन्त्रमा देखिएको अहिलेको समस्या समाधान गर्न सधैं तयार रहेको पनि अध्यक्ष ढकालको भनाई थियो ।




# सम्पादकीय

## आशा जगाउने एउटा फैसला

सर्वोच्च अदालतले काठमाडौं उपत्यकाको नदी किनारका सरकारी जग्गामा बसोबास गरिरहेका सुकुम्बासीहरुलाई विभिन्न विकल्प दिएर हटाउन दिएको आदेश प्रशंसनीय छ। अदालतको यो आदेशले नदीको बहाव क्षेत्र जोगाउन बल पुग्नेछ।

नदीको बहाव क्षेत्र अतिक्रमण गरेर बस्ने त्यसपछि सुकुम्बासी भन्दै लालपूर्जा पाउन माग गर्ने प्रवृत्ति बढ्को छ। सार्वजनिक, वनको जग्गा अतिक्रमण गरेर बसेपछि कालान्तरमा लालपूर्जाको दाबी गर्ने प्रवृत्ति देशभर छ। यो प्रवृत्ति पञ्चायतकालमा सुरु भयो। २०४६ सालको परिवर्तनपछि अझैं बढ्यो। गणतन्त्रपछि अहिले उत्कर्षमा पुगेको छ। राजनैतिक दलहरुले सुकुम्बासी भन्दै जग्गा अतिक्रमणकारी गर्नेहरु 'भोट बैंक' भएका चिढ्याउन चाहेनन्। दलीय स्वार्थको जालोमा सुकुम्बासी समस्या जेलिएपछि समस्या भएको हो। दल भनेका लोकतन्त्रका खम्बा हुन्। उनीहरुले विधि र पद्दतिलाई स्थापित गर्न लागे समाज राम्रो बन्दै जाने हो। अराजकता अन्त्य हुने हो, अनुशासन बढ्दै जाने हो।

सुकुम्बासीलाई भोट बैंकको रुपमा प्रयोग गर्ने प्रवृत्तिले सुकुम्बासी समस्या समाधान हुँदैन् नै। राजनैतिक दलको साख पनि गिर्दै जान्छ। राजनैतिक दल मूलभूत एजेण्डाबाट चुक्दै जाने जोखिम बढ्छ।

सर्वोच्चको आदेशअनुसार वास्तविक सुकुम्बासीको स्थानान्तरण गरेर नदी किनारका सरकारी जग्गा खाली गर्नुपर्ने छ। यो आदेश कार्यान्वयन भएसँगै देशका अन्य भागमा पनि नदीको बहाव क्षेत्र अतिक्रमण गरी बसोबास गरेकाहरु संकटमा परेका छन्। बुटवलको तिनाउ नदी आसपासको बस्तीमा सुकुम्बासीले कब्जा गरिसकेका छन्। नदीको बहाव क्षेत्र अतिक्रमण गरी बसोबास गर्नेहरु अब राज्यले कुनै सुविधा दिँदैन भनेर भन्न सक्नुपर्छ। सुकुम्बासी बस्ती बसेपछि सडक पुर्‍याउने र बिजुली बत्तीको व्यवस्थालगायतका काम हुँदा झनै समस्या भएको हो। बुटवल बाढी, पहिरो र भूकम्पीय दृष्टिले जोखिम छ। भूकम्प गए यहाँ ठूलो क्षति हुने आँकलन गरिएको छ। तिनाउ आसपासको बस्ती जोखिममा छ, किन कि तिनाउमा औषतभन्दा बढी बाढी आयो भने अहिलेको बहाव क्षेत्रले थेग्न सक्तैन्।

नदी सभ्यताको विकास भएको ठाउँ हो। नदी र खोलाहरु भएकाले त मानव जीवनयापन धानिएको छ। सम्पूर्ण प्राणीको जीवन धान्न नदी र खोलाहरुको अतुलनीय भूमिका छ। नदी खोलाहरुलाई नासिन, मासिन नदिनु भावी सन्ततीको लागि सुन्दर उपहार हुन्छ। सर्वोच्च अदालतले सुकुम्बासीलाई नदी किनारमा होइन्, सुरक्षित ठाउँमा स्थानान्तरण गर्न आदेश दिएर आशा जगाउने काम गरेको छ।

# नेप्से ७०.१८ अंकले बढ्यो



काठमाडौं। नेपाल स्टक एक्सचेन्ज (नेप्से) परिसूचक मंगलबार ७०.१८ अंकले बढेको छ। अर्थमन्त्रीमा विष्णु पौडेल नियुक्त भएको भोलिपल्ट नेप्से परिसूचक एकैदिन ७०.१८ अंकले बढ्दै बजारमा उत्साह छाएको हो।

यस दिन २ करोड ५८ लाख ३६ हजार २८५ कित्ता सेयर किनेबच हुँदै ९ अर्ब १८ करोड ८६ लाख बराबरको कारोबार भएको छ।

सेयर बजारमा उत्साह छाएको मंगलबारको दिन नेप्से २ हजार ३१०.५९ को बिन्दुमा पुग्दा ५ वटा कम्पनीको सेयरमा सकारात्मक सर्किट लागेको छ। तर, यही दिन तीन वटा कम्पनीको सेयर भने १० प्रतिशतले घटेको पनि नेप्सेले जनाएको छ।

यस दिन म्युचुअल फण्डबाहेक सबै उपसूचकहरु बढेका छन्। अर्थमन्त्री पौडेलले पदभार ग्रहणको दिन सोमबार भने नेप्से १७.१८ अङ्कले घटेको थियो।

# सरकारका प्राथमिकता र चुनौती



प्रा. लोकराज बराल




संसदका दुई ठूला दल मिलेर भर्खरै नयाँ सरकार बनाएका छन्। उनीहरूले संविधान संशोधनदेखि स्थिरतासम्मका विषय उठाएको पाइन्छ। अहिलेसम्म नेपालमा जति नै दल मिले पनि तात्विक भिन्नता पाइएको छैन। पहिले नेपाल कम्युनिस्ट पार्टी (नेकपा)को करिब दुई तिहाइ बहुमतको केपी शर्मा ओली नेतृत्वको एकल सरकार थियो। त्यो सरकार कसरी ढल्यो, सर्वविदितै छ। कांग्रेस र माओवादी, एमाले र माओवादी मिलेर पनि सरकार बनाएकै हुन्। त्यही सिलसिलामा अहिले कांग्रेस र एमाले मिलेर सरकार बनाएका छन्। तर, यसरी ठूला दल मिल्दैमा देशमा सकारात्मक परिवर्तन भइहाल्छ भन्ने छैन। परिवर्तन गरिहाल्ने एजेन्डा पनि छैनन्, उनीहरूसँग।

यतिखेर जनतामा चरम निराशा छ। शिक्षा तथा स्वास्थ्य क्षेत्रको समस्या विकराल छ। रोजगारी नपाएर विदेश जानेको लर्को विमानस्थलमा दिनहुँ देखिन्छ। आर्थिक स्थिति अप्ठेरो अवस्थामा छ। सेवा प्रवाह चुस्त-दुरुस्त छैन। जनताको अपेक्षा, सरकार सक्षम हुनुपर्छ, मन्त्री चुस्त-दुरुस्त हुनुपर्छ, समस्या बुझ्नुपर्छ भन्ने नै हो। नयाँ सरकारले सबैलाई मिलाएर अगाडि बढ्न सक्नुपर्छ। देशको प्राथमिकता के हो ? हामीले कुन परियोजनालाई प्राथमिकतामा पार्ने राख्ने भन्ने स्पष्ट हुनुपर्छ। विकासको प्राथमिकता के हो ? भोलि फेरि तँछाडमछाड गरेर भ्युटावरदेखि लिएर मन्दिर बनाउनेसम्मका विषय प्राथमिकतामा पर्न पनि सक्छन्। संघ, प्रदेश र स्थानीय तहको बजेट अनुत्पादक क्षेत्रमा खर्च हुँदा त्यसले दीर्घकालीन असर पार्छ भन्ने यथार्थ यो सरकारले बुझ्न आवश्यक छ। सरकारले पुँजीगत खर्च पनि गर्न सकिरहेको छैन। यस्ता धेरै समस्यालाई कसरी निरूपण गर्ने भन्ने नै अहिलेको मुख्य चासोको विषय हो। त्यसतर्फ सरकार र गठबन्धनका दलहरू सचेत हुनुपर्छ। प्राथमिकता निर्धारण गरेर अगाडि बढ्दा मात्र यस्ता समस्याबाट बच्न सकिन्छ।

राजनीतिक अस्थिरताका कारण पनि देश अस्तव्यस्त भइरहेको छ। अस्तिसम्मका मन्त्रीहरूले के गर्दै थिए, अहिले फेरि नयाँ मन्त्री आएर के गर्ने हुन् ? एउटा मन्त्री आउँछ, दुई-चार महिना बस्छ, जान्छ, कुनै स्थायित्व छैन। कर्मचारीतन्त्रमा पनि मन्त्री आउने-जाने भइरहन्छ भन्ने परेको छ। त्यसकारण नीतिगत स्थिरतामा पनि सरकारले ध्यान दिनुपर्छ। समानुपातिक-समावेशीकरणको विषय छँदै छ। २२ सदस्यीय वर्तमान मन्त्रिपरिषद्मा एकजना पनि दलितको प्रतिनिधित्व छैन। यस्तो पाराले समावेशी कहाँबाट हुन्छ ? १४-१५ प्रतिशत जनसंख्या भएको समुदायलाई माइनस गर्नु उचित होइन। महिला दुईजना परेका छन्। त्यसमा पनि क्षेत्री र बाहुन मात्रै। यस्ता क्रियाकलापले सबै समान हुन् भन्ने नेताहरूको भाषणलाई कसरी पत्याउने ?

जनमुखी कार्यक्रम के-के हुन सक्छन् भन्नेमा सरकार चनाखो बन्नुपर्छ। सेवा प्रवाह चुस्त बनाउने, जनतालाई राहत दिने, देशलाई भ्रष्टाचारमुक्त गर्ने, आर्थिक विकास गर्नेजस्ता विषय प्राथमिकतामा पर्नुपर्छ। अहिले सबै विकास आयोजना अस्तव्यस्त छन्। ढिलासुस्ती व्याप्त छ। एउटा पुल १५-२० वर्षसम्म पनि बन्दैन। ठेकेदारले सबै नियन्त्रण गरेका छन्। सबैभन्दा पहिला ठेकेदारतन्त्र हटाउन सक्नुपर्छ।

**संविधान संशोधन किन ?** : नयाँ गठबन्धन बनेसँगै संविधान संशोधनको कुरा आएको छ। तर, के-केमा संशोधन भन्ने अझैं स्पष्ट छैन। संविधान संशोधन भनेको ठूलो र गम्भीर विषय हो। केही नेता बसेर संविधानका मूलभूत विषयलाई बदल्न खोजियो भने 'पान्डोरा बक्स' चलाउन खोजेजस्तै भएभरका समस्या बाहिर निस्कन सक्छन्। त्यसकारण संविधान संशोधन त्यति सजिलो छैन। केमा संशोधन गर्न खोजेको हो, कसरी संशोधन गर्ने हो भन्नेमा उहाँहरू नै प्रस्ट हुनुहुन्न। दुईजना नेता बसेर संविधान संशोधन गर्ने भन्दैमा हुँदैन। यसले भोलि ठूलो समस्या निम्त्याउन सक्छ। केका लागि संविधान संशोधन गर्न खोजिएको हो भन्ने विषय आमजनमानसमाझ स्पष्ट पार्नुपर्छ। त्यसमा सबैको चित्त बुझ्नुपर्छ। संशोधनका लागि मिलाएर आवश्यक दुईतिहाइ पनि पुर्‍याउनुहोला। तर, मुख्य कुरा एजेन्डा के हो भन्ने नै हो। राम्रो एजेन्डा छ भने सबैले साथ दिन्छन्। त्यसैले, संशोधन गर्दा सबैलाई समेट्न सक्नुपर्छ, त्यस्तो क्षमता पनि चाहिन्छ। अहिलेसम्म उहाँहरूको विगतको कामकारबाही हेर्दा मैलेचाहिँ पत्याएको छैन।

**कुरा होइन, काम गरौं** : जनतामा अहिले धेरै आशंका छन्। नक्कली शरणार्थी प्रकरणदेखि गिरीबन्धु टी-इस्टेटसम्मका विषय सतहमा आएका छन्। त्यो विषय कति साँचो हो, कति झुटो हो भन्ने विषय निष्पक्ष आयोग गठन गरेर सत्य-तथ्य बाहिर ल्याउनुपर्छ। निष्पक्ष आयोगले पानीको पानी, दूधको दूध निकाल्न सक्यो भने जनतामा आशा जगाउन सकिन्छ। एउटाले भन्छ- मैले फाइल खोल्ल लागेको थिएँ। के फाइल खोल्न लागेको हो भन्ने नै बुझ्न सकिएको छैन। फेरि अर्कोले के भन्ने हो ? हामीले हेर्नुपर्ने विषय कसले के भन्छ भन्ने होइन, कसले के गर्छ भन्ने हो। जनताले कुरा होइन, काम खोजेका छन्।

इमानदार भएर काम गर्न चाहने हो भने सुशासन दिन सकिन्छ। तत्कालीन उपप्रधानमन्त्री नारायणकाजी श्रेष्ठ सुरुमा गृहमन्त्री हुँदा भ्रष्टाचारविरुद्ध अगाडि बढ्दा जनताले तारिफ गरेकै हुन्। सानो काम गर्दा पनि नेपाली जनताले तारिफ गर्छन्। तर, गृहबाट परराष्ट्रमा गएपछि उहाँ हराउनुभयो। पहिलाको जस्तो तारिफ उहाँले पाउने अवस्था भएन। रवि लामिछानेलाई गृह नै चाहियो। उहाँलाई गृह नै किन चाहियो ? उहाँ पनि आरोपित हुनुहुन्छ। उहाँ पनि प्रश्नको घेरामा रहिरनुभयो।

मन्त्रीको क्षमतामा पनि भर पर्छ। मन्त्रीलाई साथ दिने प्रधानमन्त्री हुनुपर्छ। मिलिजुली सरकार भएका कारण कांग्रेसलाई पनि साथमा लिनुपर्ने अवस्था छ। यदि, विश्वासका साथ अगाडि नबढ्ने हो भने एउटाले राम्रो गर्न खोज्दा पनि अर्कोले अवरोध गर्ने र उसका कारण काम गर्न नसक्ने अवस्था हुन सक्छ। हाम्रोमा एउटालाई अर्कोलाई छिर्के हान्ने प्रवृत्ति छँदैछ। सत्तारूढ दलका नेताहरूले स्थिरताको नारा दिए पनि यो गठबन्धन कति अवधि टिक्छ भन्न सकिने अवस्था छैन।

**लोकतन्त्र कमजोर हुँदैन** : निवर्तमान प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डलाई संसदमा विश्वासको मत नदिएका सबै दल र स्वतन्त्र सांसद सरकारमा सहभागी छैनन्। निवर्तमान प्रधानमन्त्रीलाई विश्वासको मत दिएका ६३ सांसद विपक्षमा छन्। दुई ठूला दल मिल्दैमा चमत्कार हुने पनि होइन। लोकतन्त्र समाप्त हुन्छ भन्ने पनि होइन। विपक्षमा अन्य दल पनि छन्। जनताको पक्षमा आवाज उठाउने हो भने माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी र एकीकृत समाजवादीका सांसद पर्याप्त हुन्छन्। नराम्रो हुन लाग्यो भने मिडिया, बुद्धिजीवी, नागरिक समाजले खबरदारी गर्छन् नै। प्रतिपक्षमा हुँदा कांग्रेस वा एमालेले पो हिजो के गरेका थिए र ?

जनताको आर्थिक अवस्था सुधार्नेदेखि शिक्षा, स्वास्थ्य, रोजगारीका क्षेत्रमा धेरै काम गर्नुपर्ने छ। युवालाई स्वदेशमै रोक्ने र बिदेसिएका युवालाई स्वदेश फर्काउनुपर्ने वातावरण निर्माण गर्नुपर्ने ठूलो चुनौती छ। परराष्ट्र मामिलालाई सन्तुलन गर्नुपर्नेछ। जनतालाई राहत कसरी दिने, अस्थिरतालाई कसरी हटाउने, जनताको गुनासोलाई कसरी सम्बोधन गर्ने भन्नेमा सरकार चनाखो हुनुपर्छ। सरकारले दायाँबायाँ गर्न खोज्यो भने प्रतिपक्षले खबरदारी गर्नुपर्छ।

माथि उल्लिखित विषय सम्बोधन हुन सकेनन् भने यिनीहरू पनि 'उही ड्याङका मुला' त हुन् नि भन्ने जनमत बन्छ। सबभन्दा ठूलो कुरा विश्वसनीयता हो। जनताको विश्वास आर्जन गर्न सक्नुभयो भने चुनौती पार हुन्छ। होइन भने, यी पनि खान आएका हुन्, आफ्नो स्वार्थका लागि जोडिएका हुन्, भ्रष्टाचारलाई लुकाउनका लागि आएका हुन् भन्ने छाप जनतामा पर्छ। भोलिका लागि सबैभन्दा ठूलो चुनौती यही हुन्छ। निर्वाचनमा पनि यही कुरा आउँछ।

नयाँ गठबन्धन देश र जनताको पक्षमा बनेको हो भन्ने कुरा काम गरेरै पुष्टि गर्नुपर्छ। विगत हेर्ने हो भने कमजोरी सच्याएर प्रधानमन्त्री केपी ओली अगाडि बढ्छन् भनेर विश्वास गर्ने ठाउँ छैन। ओली, देउवा, प्रचण्डलगायतले गर्छन् भन्ने लाग्न पनि छाडिसक्यो। दलाल, बिचौलियाले नियन्त्रण गर्ने अवस्थामा मन्त्री र प्रधानमन्त्रीले केही पनि गर्न सक्दैनन्। दलाल, बिचौलियाकै पैसाले पार्टी चलेका छन् भने जनताको पक्षमा कसरी काम हुन्छ ? करिब दुईतिहाइको एकल बहुमत हुँदा त केही गर्न सकेनन् भने अहिले मिलिजुली सरकारबाट के होला र ? यदि, कसैले गर्न दिएनन् भने त्यो पनि बाहिर ल्याउनुपर्छ। आफूले गर्न खोजेको कामबारे जनतालाई स्पष्ट पार्नुपर्छ। तब मात्र कसले देश र जनताका लागि काम गर्न खोजेको थियो भन्ने थाहा पाइन्छ। पद जाने बेलामा भनेको कुरा कसैले पनि पत्याउँदैनन्। अहिले नै निष्कर्ष दिन त मिल्दैन, तर विगतको रेकर्ड हेर्दा उहाँले सक्षम सरकार दिनुहोला भनेर पत्याउने अवस्था छैन।

जनताले राहत पाउलान् भन्ने अपेक्षा गर्ने पनि ठाउँ छैन। यो कुर्सीको खेलको निरन्तरताकै एउटा प्रक्रिया हो। स्वार्थप्रेरित राजनीतिमा यस्तो भइरहन्छ। तै पनि, केही भइहाल्छ कि भन्ने शंकाको सुविधा भने दिन सकिन्छ। यसको परिणाम हेर्न लामो प्रतीक्षा गर्नुपर्दैन, निकट भविष्यमै देखिनेछ। नयाँ पत्रिकाबाट

# उच्च रक्तचापबारे जान्नैपर्ने १० कुराहरू

डा. भुपेन्द्र शाह

आम मानिसहरुलाई उच्च रक्तचापका बारेमा केही न केही जानकारी रहेकै हुन्छ। यद्यपि कतिपय मानिसहरुमा केही तथ्यले भ्रम समेत सृजना गरेको हुनसक्छ।

**उच्च रक्तचापबारे जान्नैपर्ने १० कुराहरु**

१.उच्च रक्तचाप संसार हुने मृत्युको पहिलो कारण हो। यसले हृदयघात तथा पक्षघात गराउँछ। त्यसकारण यो विकराल रोग हो।

२.उच्च रक्तचाप कतिलाई मान्ने भन्नेबारे जानकारी हुनु आवश्यक छ। यूरोपियन सोसाइटी अफ कार्डियोलोजीका अनुसार व्यक्तिको रक्तचाप १४० बाई ९० भएको अवस्थामा त्यसलाई उच्च रक्तचाप भएको मान्न सकिन्छ।

त्यस्तै अमेरिकन हार्ट एशोसियसनका अनुसार कुनै व्यक्तिमा माथिको रक्तचाप १३० भन्दा बढी तथा तलको रक्तचाप ८० भन्दा बढी भएको अवस्थालाई उच्च रक्तचाप मान्न सकिन्छ।

त्यसकारण विभिन्न स्थान तथा देशअनुसार उच्च रक्तचापलाई परिभाषित गरिएको छ।

यद्यपि १३० बाई ९० भएको अवस्थालाई उच्च रक्तचाप भएको मान्न सकिने चिकित्सकहरु बताउँछन्। यस्तो अवस्थामा उच्च रक्तचापको औषधि सेवन गर्नका लागि सुरु गर्नुपर्ने हुन्छ।

३.सिस्टोलिक र डायस्टोलिक ब्लड प्रेसरबारेको जानकारी सबैमा हुन जरुरी छ। दुवै प्रकारका रक्तचापले शरीरले हानी गराउन सक्छ। विभिन्न अध्ययनहरुले तलको भन्दा माथिको रक्तचाप हृदयघातसँग बढी सम्बन्धित हुने गर्छ। त्यसकारण तलको भन्दा माथिको रक्तचापलाई नियन्त्रणमा राख्नु अत्यावश्यक हुन्छ।

४.धेरै मानिसहरुमा रक्तचापको समस्या उमेर ढल्कदैं जाँदा मात्रै देखा पर्छ भन्ने भ्रम रहेको पाइन्छ।

रक्तचापको समस्या २,३ वर्षको बच्चादेखि वयस्क तथा युवायुवती जोसुकैमा पनि देखा पर्छ। एक अध्ययनअनुसार ३५ देखी ४५ वर्ष उमेर समूहका ४ मध्ये १ जनामा ब्लड प्रेसरको समस्या देखा पर्छ।

त्यस्तै त्यही उमेर समूहका ५ मध्ये १ महिलामा रक्तचापको समस्या देखिन सक्छ। त्यसकारण ब्लड प्रेसरको समस्या युवा अवस्थामा नै पनि देखा पर्ने भएकोले सचेत हुन आवश्यक हुन्छ। युवा अवस्थामा हुने हृदयघात तथा पक्षघातको प्रमुख कारण नै अनियन्त्रित रक्तचाप नै हो।

५.ब्लड प्रेसरको समस्या लक्षणबिना पनि देखा पर्न सक्छ भन्ने जानकारी हामीमध्ये धेरैलाई छैन। सधैं जसो बिरामीको परीक्षणका क्रममा ब्लड प्रेसर बढ्दा समेत बिरामीलाई खासै लक्षण देखा नपरेको मैले पाएको छु। त्यसकारण लक्षणबिना पनि ब्लड प्रेसरको समस्या देखिन सक्छ भन्ने जानकारी हामीलाई हुनु आवश्यक छ। त्यसकारण नियमित रुपमा ब्लड प्रेसरको परीक्षण अत्यावश्यक छ।

२० वर्ष उमेर पूरा भइसकेका व्यक्तिले कम्तीमा पनि वर्षमा एक पटक ब्लड प्रेसरको परीक्षण गर्नु आवश्यक हुन्छ।

६.अमेरिका जस्तो विकसित मुलुकका मानिसहरुमा समेत आफूलाई ब्लड प्रेसरको समस्या भएको जानकारी हुँदैन। नेपाल जस्तो विकासोन्मुख मुलुकमा झनै यस समस्या विकराल रुपमा देखिएको छ। हाम्रो घरपरिवारका सदस्यमा समेत ब्लड प्रेसरको समस्या देखिदाँ समेत बिरामीहरु चुपचाप घरमा नै बसिरहेको पाइन्छ।

७.ब्लड प्रेसरको समस्या भएका अधिकांशमा मोटोपनाको समस्या समेत हुने गर्छ। अध्ययन अनुसार १ सय ब्लड प्रेसरका रोगीमध्ये ६० जनामा मोटोपना तथा ५० जनाको कोलेस्ट्रोरेल,२५ जनामा डायबिटिज तथा १५ जनामा किड्नीको समस्या हुने गरेको पाइएको छ। त्यसकारण ब्लड प्रेसरको समस्या भएका हरेक व्यक्तिले मोटोपना, कोलेस्ट्रोरेल तथा किड्नीको अवस्थाबारे जानकारी राख्नु आवश्यक हुन्छ।

८.कतिपय ब्लड प्रेसरका बिरामीहरुमा सही रुपमा ब्लड प्रेसरको परीक्षण नहुँदा भ्रम फैलिएको पाइन्छ।

ब्लड प्रेसर परीक्षण गर्नु करिब आधा घन्टा अगाडि चुरोट, रक्सी तथा चियाको सेवन गर्नुहुँदैन। त्यस्तै परीक्षणका लागि अस्पताल पुगेको आधा घन्टासम्म आराम गर्नुपर्छ। ब्लड प्रेसर परीक्षणका लागि कुर्सीमा बसिरहँदा पछाडि भागलाई कुर्सीमा आड दिनुका साथै खुट्टालाई उपर खुट्टी लगाउनु हुँदैन। चिकित्सकहरुले समेत ब्लड प्रेसर परीक्षणका लागि सही कफ प्रयोग गर्नुपर्ने हुन्छ। त्यस्तै ब्लड प्रेसर परीक्षण गरिरहँदा चिकित्सक तथा बिरामी दुवै बोल्नु हुँदैन। त्यस्तै दुईपटक सम्म ब्लड प्रेसर नाप्नुपर्ने हुन्छ। यस्तो अवस्थामा मात्रै ब्लड प्रेसरको समस्या भए नभएको यकिन गर्न सकिन्छ।

९.कतिपय मानिसहरुको स्थान अनुसार ब्लड प्रेसर थपघट हुने समस्या पाइएको छ। जस्तै अस्पतालमा ब्लड प्रेसर बढ्ने तथा घरमा सामान्य रहने। अस्पतालको तनावपूर्ण वातावरण तथा चिकित्सकहरुसँगको भेटघाटका कारण बढेको ब्लड प्रेसर घरको शान्त वातावरणले कम हुन सक्छ। यस्तो अवस्थालाई हवाईट कोर्ट हाइपरटेन्सन समेत भन्ने गरिन्छ।

त्यस्तै कतिपयमा घरमा ब्लड प्रेसर बढ्ने तथा अस्पताल आइपुग्दा घट्ने समस्या समेत हुनसक्छ, जसलाई मार्क्स हाइपरटेन्सन भन्ने गरिन्छ। यस्ता बिरामीहरुको ब्लड प्रेसरबारे सही जानकारी पाउनका लागि होम ब्लड प्रेसर मनिटरिङ सिस्टम ल्याउन आवश्यक छ। त्यसकारण यस्ता समस्या हुनेहरुले घरमा नै ब्लड प्रेसर नाप्ने यन्त्र राख्नुपर्ने हुन्छ। हामीमध्ये धेरैलाई ब्लड प्रेसरका धेरै कारणहरु जस्तै वंशाणुत, चुरोट रक्सी तथा अल्छीपनाका कारण हुने गर्छ भन्ने जानकारी छ।

यद्यपि हामीमध्ये धेरैलाई युरिक एसिडका बिरामीहरुमा पनि ब्लड प्रेसरको समस्या हुने गर्छ भन्ने थाहा नहुन सक्छ।

१०. प्रतिशतभन्दा बढीमा वंशाणुगत कारणले नभई शरीरमा हुने अन्य समस्याका कारण ब्लड प्रेसर हुने गर्छ।

जस्तै थाइरोइड, किड्नी,राती घुर्ने जस्ता समस्या हुनेहरुमा ब्लड प्रेसरको समस्या हुने गर्छ। युवापुस्तामा नै ब्लड प्रेसर देखिने धेरै मानिसहरुमा यस प्रकारको समस्या समेत हुन सक्छ। त्यस्तै ब्लड प्रेसरको समस्या आउन नदिनका लागि नियमित परीक्षण गर्ने,स्वस्थकर खानेकुरा मात्रै खाने, नुनको सेवन कम गर्ने, सूर्तीजन्य पदार्थको सेवन नगर्ने तथा खुशी हुने प्रयास आवश्यक छ।

स्वास्थ्य खबरबाट



**राँके तिवार पर्वः**

दाङको घोराही उप-महानगरपालिका-१३ स्थित तुरुन्तपुरमा मङ्गलबार रोल्पाली उवाँ सेवा समाजको आयोजनामा रोल्पा उवाबाट घोराही आसपासमा बसाइँसराइ गरेर बसेका उवालीहरुले मगर समुदायको पौराणिक तथा साँस्कृतिक चाँड राँके तिवार पर्वको अवसरमा नाचगान गर्दै । अठार मगराँत क्षेत्रमा बसोबास गर्ने मगर समुदायले परापूर्वकालदेखि साउन १ गते राँके तिवार पर्व मनाउँदै आएका छन् । तस्विरः कुलदीप न्यौपाने/रासस

# लायन्स स्टार्सद्वारा विद्यालयलाई सहयोग

बुटवल । लायन्स क्लब अफ बुटवल स्टार्सद्वारा देवदह नगरपालिका वडा नं. ६ केउली अवस्थित सरस्वती आधारभूत विद्यालयमा सहयोग गरेको छ । क्लबले मंगलबार एक कार्यक्रमको बीच विद्यायलाई नगद २० हजार रुपैयाँ बराबरको स्टेनशनरी, खेलकुद सामग्री, स्कुल ड्रेस, भित्ते घडीलगायका सामग्री प्रदान गरेको हो । शैक्षिक सामग्री तथा खेलकुद सामग्रीहरु क्लब अध्यक्ष भूपेन्द्र अर्यालले स्कुलका प्रधानाध्यापक खुमबहादुर सारुलाई हस्तान्तरण गरेको हुन् ।

कार्यक्रम क्लबका पूर्व अध्यक्ष तथा जीएमए कोडिनेटर एम.एल. पाण्डेको जन्मोत्सवमा सहयोग गरेको थियो । यस्तै कार्यक्रमा लायन्स इन्टरनेशनल डिष्ट्रिक ३२५ पि का पूर्व गभर्नर महेन्द्रनारायण श्रेष्ठले स्टार्सको नारा 'जहाँ दुःखछ त्यहाँ पुग्छ' भन्ने नारालाई आत्मसाथ गर्दे अति गरिब तथा विपन्न वर्गका छोराछारीहरुलाई शिक्षाबाट वञ्चित नहुन भनेर सहयोग गरेकोमा प्रशंसा गरे ।

क्लबका पूर्व अध्यक्ष तथा जीएसटी कोडिनेटर आशिष कृष्ण श्रेष्ठले मानवीय सेवा भावले सामाजिक क्रियाकलापमा लायन्सको योगदान उच्च रहेको भन्दै आगामी दिनमा पनि यसले निरन्तरता पाउने बताएका थिए । यसैबीच लायन्स क्लब स्टार्स र लियो क्बल स्टार्स मंगलबार एक कार्यक्रको बीच वृक्षरोण गरेको छ । देवदह नगरपालिका वडा नं. ६ केउली स्थित सरस्वती आधारभूत विद्यालयको प्राङ्गगडमा फलफूलका बिरुवा रोपण गरेको छ ।

आँप, लिची, अम्बालागायत वृक्षरोपण गरिएको संयोजक पिताम्बर अर्याल बताए । अध्यक्ष भुपेन्द्र अर्यालले वृक्षरोपणले वातावरणीय प्रभाव न्यूनीकरण गर्ने बताउँदै क्लबले हर्बल गर्डेन देवदह र शंकनगर वन विहार तथा अनुसन्धनन केन्द्रभित्र पार्क निर्माण गरेको, सिद्धार्थ हाइवयअन्तर्गत बुटवल बहुमुखी क्याम्पस अगाडि डिभाइडरमा तारजाली र वृक्षारोपण गरी आवश्यता अनुरुप वृक्षरोपण तथा निर्माण गरिने बताए ।

जोन चेयरपर्सन तथा क्लबका पूर्व अध्यक्ष अञ्जिल खानले पर्यावरण बचाउन तथा जीवजन्तुको लागि यो कार्यले राम्रो भूमिका खेल्ने बताएका थिए ।

# मोहरमलाई लक्षित गरेर निगरानी बढाइँदै

नेपालगञ्ज । मुस्लिम समुदायको मोहरमपर्वलाई लक्षित गरेर स्थानीय प्रशासनले नेपालगञ्ज आसपासमा सुरक्षा व्यवस्था कडा बनाएको छ । ट्राफिक नियम उल्लङ्घनगरी मोटरसाइकल र स्कुटर चलाउनेमाथि निगरानी गरिएको बाँकेका प्रमुख जिल्ला अधिकारी खगेन्द्रप्रसाद रिजालले जानकारी दिए ।

उनले भारतबाट आवजावत गर्ने सवारीसाधनको जाँच गरिएको र केही समयका लागि संवेदनशील क्षेत्रलाई निगरानीमा राखिएको बताए । चाडपर्वका समयमा उच्छृंखल व्यवहार नगर्न र घरेलु हतियार लिएर नहिँड्न सार्वजनिक अनुरोध गरिनुका साथै हेलमेट नलगाउने र होहल्ला गरी मोटरसाइकल, स्कुटर चलाउनेविरुद्ध विशेष अभियान चलाइएको प्रजिअ रिजालले बताए ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी उपरीक्षक तुलबहादुर कार्कीले शान्तिसुरक्षाका लागि ट्राफिक नियमको पालना गराइएको जनाए । उनले मोहरमपर्वलाई लक्षितगरी ठूलो संख्यामा सुरक्षाकर्मी परिचालन गरिएको र त्योसँगै ड्रोन क्यामेरामार्फत् निगरानी भइरहेको जानकारी दिए ।

गएको तीन दिनमा ट्राफिक नियम उल्लङ्घन गर्ने मोटरसाइकल र स्कुटर चालक एक सय २३ जना कारबाहीमा परेका छन् । वडा प्रहरी कार्यालयका अनुसार बुधबार मोहरमपर्व समापन भइसकेपछि आवश्यक जरिवाना लिएर ती नियन्त्रणमा रहेका सवारीसाधन चालकलाई फिर्ता गरिने जनाइएको छ ।

मोहरमपर्व चलिरहेका बेला नेपालगञ्ज ११ टाँगा स्टेशन नजिक मोटरसाइकल र स्कुटरमा आएका व्यक्तिले धारिलो हतियारको प्रयोग गरेर एक जना युवकको हत्या गरेपछि प्रहरी प्रशासनले मोटरसाइकल र स्कुटरमा विशेष निगरानी बढाउनुका साथै घरेलु हतियार नबोक्न सूचना निकालेको हो ।

जिल्ला प्रशासन कार्यालय बाँकेले सूचना प्रकाशित गरेर मोहरमपर्वका बेला कसैले पनि उच्छृंखल व्यवहार गरेको, बिनाकाम राति हिँडेको, रडलगायत घातक घरेलु हतियार लिएको र मोटरसाइकल तीव्रगतिमा तथा नियमविपरीत चलाएको पाइएमा कानुनी कारबाही गर्ने चेतावनी दिएको छ । रासस

# अतिक्रमित सरकारी जग्गामा 'हाइटेक नर्सरी'



जानकी (बाँके) । बाँकेको राप्तीसोनारी गाउँपालिका-९ ढकेरीमा द्वन्द्वकालमा तत्कालीन माओवादीले अतिक्रमण गरी बनाएको बस्तीमा अहिले 'हाइटेक नर्सरी' निर्माण गरिएको छ । डेढ बिगाहा सरकारी जग्गालाई अतिक्रमण गरी तत्कालीन माओवादीले मुक्त कम्लहरीको बस्ती बसाएको थियो । उक्त जग्गालाई यही आर्थिक वर्षमा प्रदेश सरकारका तर्फबाट पूर्व सामाजिक विकासमन्त्री नमूना केसी, सोही वडाका वडाध्यक्षलगायत विभिन्न राजनीतिक दलका नेता र प्रहरी प्रशासनको रोहवरमा फुकुवा गरी ३० लाख ३४ हजारको लागतमा डिभिजन वन कार्यालय बाँकेले हाइटेक नर्सरी निमार्ण गरेको शम्शेरगञ्ज सब डिभिजन वन कार्यालय बाँकेका प्रमुख सुशील सुवेदीले बताए ।

उनका अनुसार उक्त जग्गामा भएको सरकारी रेञ्ज पोष्ट र कटान गरिएका काठका घाटगद्दीलाई तत्कालीन नेपाल कम्युनिष्ट पार्टी (माओवादी केन्द्र)ले कब्जा गरी आठ घर मुक्तकम्लरीको बस्ती बसाइएको थियो । पन्ध्रौं वर्षपछि कब्जा फुकुवा गरीएको उक्त सरकारी जग्गामा निर्माण गरिएको हाइटेक नर्सरीमा 'जर्मिनेसन' र 'ग्रिनहाउस' गरी दुईओटा 'च्याम्बर' बनाइएको सब डिभिजन वन कार्यालयका प्रमुख सुवेदीले जानकारी दिए ।

प्रमुख सुवेदीका अनुसार जर्मिनेसन च्याम्बरमा तीन भाग र ग्रिन हाउस च्याम्बरमा चार भाग बनाएर उक्त नर्सरीमा ३० देखि ४० हजार बिरुवा उमार्न सकिन्छ । नर्सरी निर्माण हालै सम्पन्न भएकाले त्यहाँ बिरुवा उमार्न मिल्दैन । त्यसैले त्यहाँ सार्नका लागि सब डिभिजनकै क्षेत्र भित्रको जग्गामा १६ हजारभन्दा बढी बिरुवा उमारिएको सुवेदीले बताए । "यो हाइटेक नर्सरीको निर्माण हालै सम्पन्न भएकाले यहाँ यो वर्ष बिरुवा उमार्न सकिएन," उनले भने-"यहाँ उमार्न नसकिए पनि यहाँ हुर्किएको बिरुवा सार्न मिल्ने भएको हुनाले हामीले आफ्नै कार्यालयको नर्सरीमा १६ हजारभन्दा बढीको बिरुवा उमारेका छौँ ।" उक्त नर्सरीमा साल, सेतो चन्दन, सुगन्ध कोकिला, पारिजात, कागती, अम्बालगायत १६ हजारभन्दा बढी विभिन्न प्रजातिका बिरुवा सार्ने तयारी भएको छ । रासस

**प्रादेशिक...**

यस्तो अवस्थामा सरकारको नियम लागू गर्नुपर्ने बाध्यता रहेको केसीले बताए ।

तलबमा मात्रै करिब ४० करोड खर्च

लुम्बिनी प्रादेशीक अस्पतालबाट नियमित रुपमा तलब खानेमात्रै ८५० भन्दा धेरै कर्मचारीहरु रहेका छन् । अस्पतालमा तलब बापत मात्रै करिब ४० करोडौं रकम खर्च हुने गरेको अस्पताल प्रशासनले जनाएको छ । लुम्बिनी प्रादेशिक अस्पताल बुटवलमा नेपाल सरकारको दरबन्दीका स्थायी र करार, अस्पताल विकास समितिका स्थायी र करार तथा लुम्बिनी प्रदेश सरकारबाट अस्थायी दरबन्दी निर्माणबाट १८९ जना तथा विभिन्न कार्यक्रम अन्तरगतका कर्मचारीहरु रहेका छन् ।

**यस्तो छ बिरामी विवरण**

यता अस्पतालमा दैनिक १५ सय सम्म उपचारको लागि आउने गरेको अस्पताल स्रोतले जनाएको छ ।

अस्पतालमा बिमा बाहेक गत आर्थिक वर्षमा २ लाद १८ हजार ३ सय ३१ जनाले ओपिडि टिकट लिएको तथ्यांक छ । जसको प्रति टिकट ३० रुपैयाँको दरले ६५ लाख ४९ हजार ९ सय ३० रुपैयाँ हुन आउँछ । यस्तै २२८ बेडको ३० रुपैयाँको दरले २४ लाख ९६ हजार ६ सय रुपैयाँ रहेको छ ।

अस्पतालले आइसीयुको रकम लिँदैं आएको छ भने ईमरजेन्सी, गाईनो वार्ड, एचडियु, एनआइसीयुमा निःशुल्क सेवा प्रदान गर्दै आइरहेको छ ।

**रुपन्देहीमा...**

जिल्लामा फराकिला सडक भए पनि चालकले लेन अनुशासन पालना नगर्दा दूर्घटना बढ्नुका साथै ट्राफिक अस्तव्यस्त हुने गरेको प्रमुख जिल्लाअधिकारी गणेश अर्यालले बताए । । त्यस्तो समस्या समाधान गर्न र नागरिकलाई लेनको महत्व बुझाउन कार्यक्रम गरिएको उनले जनाए । कार्यक्रमका लागि जिल्ला प्रशासनले आर्थिक र प्राविधिक स्रोत जुटाएको उनले बताए ।

हामीले लेन अनुशासन नमान्दा नै अकालमा ज्यान गएका थुप्रै उदाहरण रहेकोले सचेत गराउनका लागि यो अभियान ७ दिनसम्म लागू गरिएको र आठौ दिनबाट यसको प्रयोग भएको छ । जबसम्म लेन अनुशासनको पालना हुँदैन तबसम्म यो अभियान चालउनु पर्ने प्रजिअ अर्यालले बताए । लेन अनुशासन कार्यक्रमको संयोजन जिल्ला ट्राफिक प्रहरी प्रमुख प्रहरी निरीक्षक बजिरसिंह विष्टले एक हप्तासम्म जिल्लाका दुई दर्जन बढी ठाउँमा गरिएको जनाए । यसक्रममा विद्यार्थी र नागरिकस्तरबाट पनि स्वयंसेवीरुपमा सहयोग पाएको बताए ।

'जिल्लाका मुख्य सडक र व्यस्त चौराहामा विद्यार्थी, नागरिक संघसंस्था, सञ्चारकर्मी, आमा समूह, टोल समिति, उद्योगी, व्यवसायीको सहभागितामा प्रत्येक दिन जनचेतनामूलक कार्यक्रम सञ्चालन गरिएको', उनले भने-'यसले दुर्घटना कमगर्न ठूलो सहयोग पुग्ने अपेक्षा छ ।'

**बुटवल सुनचाँदी व्यवसायी संघ**
बुटवल, रुपन्देही
मितिः २०८१/०४/०१ को
**सुनचाँदीको बजारभाउ**
छापा सुन प्रति तोला : १,४८,३००
तेजावी सुन प्रति तोला : १,४७,६००
चांदी प्रति तोला :१,९०५

## हार्दिक श्रद्धाञ्जली



जन्म : १९९६।०३।२८

निधनः २०८१।०३।२५

**स्व. हिम कुमारी श्रेष्ठ**

यस श्री गणेश नेवा समाज बुटवल-११ का सदस्य श्री सन्तोष कुमार श्रेष्ठ र माधव श्रेष्ठको पुज्यनीय आमा **हिम कुमारी श्रेष्ठको** यही मिति २०८१ असार २५ गते भएको स्वर्गारोहणको खबरले हामी श्री गणेश नेवा समाज परिवारलाई अत्यन्तै मर्माहत बनाएको छ । शोकको आज नवौं दिनको पुण्यतिथिमा उहाँको आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनमा धैर्य धारण गर्ने शक्ति प्राप्त होस् भनी हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**श्री गणेश नेवा समाज परिवार**
**बुटवल-११, देवीनगर, रुपन्देही**

**चैतन्य गर्ग, सुजाता अग्रवाल र सविना अग्रवालको एम.पी. ग्रेनिटो उधोग निर्माणको अस्थाई इजाजतको लागि सर्जमिन मुचुल्का सम्बन्धी सूचना**

## सार्वजनिक सुनुवाई सम्बन्धी सूचना

सूचना प्रकाशित मिति २०८१/०४/०२

रामग्राम नगरपालिका वडा नं. ८, बैकुण्ठपुर, नवलपरासी (ब.सु.प.) जिल्ला, लुम्बिनी प्रदेशमा प्रस्तावक चैतन्य गर्ग, सुजाता अग्रवाल र सविना अग्रवालबाट ग्रेनिटो उधोग निर्माण तथा सञ्चालन हुदैछ ।

| | |
|---|---|
| प्रस्तावकको नाम/ठेगाना | चैतन्य गर्ग, सुजाता अग्रवाल र सविना अग्रवाल<br>रामग्राम न.पा. वडा नं. ८, बैकुण्ठपुर, नवलपरासी (ब.सु.प.) जिल्ला, लुम्बिनी प्रदेश<br>इमेलः ankit.ameyaa@gmail.com<br>फोन नं.: ९८२०६६२२३३ |
| प्रस्तावको व्यहोरा | प्रस्तावकद्वारा रामग्राम नगरपालिका वडा नं. ८, बैकुण्ठपुरमा रहेको जग्गाको कित्ता नं. ६३० र ६३१ मा एम.पो.ग्रेनिटो उधोग प्रा.लि. निर्माण तथा सञ्चालन हुनेछ । यस उधोगको उद्देश्य हार्डवेयरका सामाग्री मार्बल, ग्रेनाइट, टाइल्स जस्ता सबै प्रकारका सामानहरु, आवश्यक कच्चा पदार्थ खरिद तथा आयात गरी विक्री वितरण गर्नुका साथै उत्पादन गरी निर्यात गर्ने आदी रहेको छ । |
| प्रभाव गर्न सक्ने न.पा. | रामग्राम नगरप्रालिका वडा नं. ८, बैकुण्डपुर, नवलपरासी (ब.सु.प.) जिल्ला, लुम्बिनी प्रदेश |

माथि उल्लेखित प्रस्तावको उधोग निर्माणका लागि मिति २०८१/०२/१७ मा १५ दिने संधियारको नाउमा सुचना जारी गरिएकोमा म्याद भित्र कुनै किसिमको उजुरी निवेदन नपरेकोले मिति २०८१/०३/०५ गते स्थलगत गई बुझ्दा पूर्व तर्फको संधियार श्री राधेश्याम तेली भेट नभएको र निजको ठेगानामा ७ दिने सुचना को पत्र हुलाक मार्फत पठाउदा प्रापक फेला नपरेको र परिवारले पत्र नबुझी फिर्ता आएकोले यो सुचना जारी भएको ७ दिन भित्र कुनै किसिमको दावी विरोध भएमाा स-प्रमाण सहित रामग्राम न.पा., नगरकार्यपालिकाको कार्यालयमा लिखित निवेदन दिनुहुन सूचित गरिन्छ । तोकिएको समयमा नआएमा निजको उधोग निर्माणको लागि अस्थाई इजाजत सम्बन्धी प्रक्रिया अगाडि बढाइने व्यहोरा सूचित गरिन्छ ।

**ट्वाइलेट सफा गराउनुहोस्**
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५, ९८००७६०६२२

**ट्वाइलेट सफा गराउनुहोस्**
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रुपन्देही,
फोनः ९८५७०५८८१३, ९८०७१८०८१३

**ट्वाइलेट सफा गराउनुहोस्**
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार
प्रो. रामशाह शाहानी

**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

दैनिक लुम्बिनी



**कलश यात्राः**
दाङको घोराही उप-महानगरपालिका-१३ स्थित बडहराको श्री कृष्ण मन्दिर तथा हरितपार्कको भौतिक स्तरोन्नतिका लागि श्रावण १ गतेदेखि ३२ गतेसम्म आयोजित शिवमहापुराण श्रवण धार्मिक महामहोत्सव तथा शृङ्गारिक महाआरतीको उद्घाटन पूर्व मङ्गलबार घोराही बजारमा निकालिएको कलश यात्रा । तस्विरः कुलदीप न्यौपाने/रासस

# रेसुङ्गामा साउने मेला सुरु

गुल्मी । धार्मिक क्षेत्र रेसुङ्गामा मंगलबारदेखि साउने मेला सुरु भएको छ । साउनभर सञ्चालन हुने मेलामा रेसुङ्गा क्षेत्रमा रहेको महापोखरीमा स्नान र पूजाआजाका लागि दिनहुँ श्रद्धालु भक्तजनको घुइँचो लाग्ने गर्दछ ।

रेसुङ्गा क्षेत्रमा रहेको महापोखरीमा स्नान गरेपछि चारधाम जान नपर्ने र त्यहाँ पुगेपछि पुण्य प्राप्ति हुने जनविश्वास छ । महापोखरीमा स्नान गरेपछि आफूले अञ्जानमा गरेका पाप नष्ट हुने धार्मिक विश्वास छ । महापोखरीमा स्नान गरेपछि श्रद्धालुहरु पोखरीदेखि केही माथि रहेको यज्ञशालामा पुगेर मन्दिरको दर्शन गरी पूजाआजा गर्छन् ।यज्ञशाला मन्दिरमा अखण्डदीप प्रज्वलन भइरहने भएकाले श्रद्धालुहरुले यज्ञमण्डपको विभूति लगाउने र त्यसलाई प्रसादका रुपमा ग्रहण गर्छन् । यस उक्त क्षेत्रमा रहेका सिद्धस्थान, विष्णुपादुका, लक्ष्मीनारायण, ऋष्यशृङ्गलगायत धार्मिक क्षेत्रमा पनि भक्तजनको भीड लाग्ने गर्छ । यस क्षेत्रमा पाल्पा, स्याङ्जा, अर्घाखाँची, बाग्लुङ, प्यूठान, रुपन्देही, नवलपरासीलगायत ठाउँबाट भक्तजन आउने गरेका छन् ।रेसुङ्गा संरक्षण समितिले यज्ञशाला मन्दिर परिसरमा साउनभर पुराण वाचन, पाठपारायण, भजनकीर्तन, होम, श्राद्धलगायत धार्मिक कार्यक्रमहरु आयोजना गरेको रेसुङ्गा संरक्षण समितिका अध्यक्ष सुरेशचन्द्र भुसालले जानकारी दिए ।



रेसुङ्गाको महापोखरी क्षेत्र र मन्दिर परिसरमा माछा, मासु एवं मादक पदार्थ सेवन तथा बिक्री वितरणमा रोक लगाएको छ । मेलालाई व्यवस्थित गर्न समितिले सदरमुकाम तम्घासबाट महापोखरीसम्मको यातायात सहज बनाउने गरी व्यवस्था मिलाएको जनाइएको छ ।

रेसुङ्गा नगरपालिकाले यस वर्ष 'जाउँ हिँड रेसुङ्गा' अभियान सञ्चालन गरेकाले विगत वर्षहरुको तुलनामा यस क्षेत्रमा पर्यटकका संख्या उल्लेख्य बढेको अभियानका संयोजक रामजी पन्थीले बताए ।

गुल्मीको धार्मिकस्थल कालीगण्डकी र रुद्रवेणी धाममा पनि साउने सङ्क्रान्तिका अवसरमा मंगलबार बिहानदेखि भीड लागेको छ । भक्तजनहरु नदीमा स्नान गरी पूजापाठ गर्ने बढेका छन् । कालीगण्डकी गुल्मी, पाल्पा र स्याङ्जाको सङ्गमस्थल हो ।

# समृद्धिले निःशुल्क लगायो मेहेन्दी, छुट योजना समेत सार्वजनिक



बुटवल । बुटवल उप-महानगरपालिका वडा नम्बर ६ अमर पथ सिंह कम्प्लेक्समा रहेको समृद्धि युनीसेक्स सलोन तथा एकेडेमीले साउने सङ्क्रान्ति अवसरमा निःशुल्क मेहन्दी लगाएको छ ।

मङ्गलबार समृद्धिले एक कार्यक्रमको आयोजना गर्दै साउने सङ्क्रान्तिमा शुभकामना आदानप्रदान गर्दै निःशुल्क मेहेन्दी लगाएको हो ।

कार्यक्रममा बोल्दै बुटवल उप-महानगरपालिका उप-प्रमुख सावित्रादेवी अर्यालले अहिले मेहेन्दी लगाइए पनि पहिले पहिले तिउरीको पातबाट लगाउने गरेको स्मरण गरिन । उनले पछिल्लो समयको आधुनिकताले परम्परा बिर्सने अवस्था आइरहेको बताउँदै समृद्धिले साउने संक्रान्तिमा सबैलाई जुटाएर यो दिनको स्मरण गर्ने गरेको भन्दै धन्यवाद व्यक्त गरिन ।

उनले बुटवल उप-महानगरपालिकाले अहिले नगरभित्रका हरेक महिलाहरूलाई रोजगारीमा जोड्नको लागि विभिन्न तालिम तथा योजनाहरू ल्याएको बताउँदै कपाल तथा छालाको क्षेत्रमा राम्रो भविष्य रहेको बताइन् ।

कार्यक्रममा बोल्दै फेसन डिजाइनर एवं बुटवल लेडि जेसीजका पूर्व अध्यक्ष अनुपमा श्रेष्ठले पहिले र अहिले लगाउने कुरा मात्रै परिवर्तन भएको बताउँदै परम्परा परिवर्तन नभएको बताइन् । उनले पहिले तिउरीको फूल किचेर लगाउने भए पनि आजभोलि मेहेन्दी लगाउने गरेको बताउँदै परम्पराले निरन्तरता पाई रहेको जनाइन् ।

कार्यक्रममा समृद्धि युनीशेक्स सलोन तथा एकेडेमीका सञ्चालक मोहन ठाकुरले संस्कृति जोगाउनको लागि सबैले आ-आफ्नो क्षेत्रबाट पहल गर्नुपर्ने बताए । उनले सम्बन्धित क्षेत्रले सानो-सानो सहयोग गर्दा मात्रै पनि संस्कृतिको बारेमा पछिल्लो पुस्तालाई जानकारी हुने विश्वाससहित कार्यक्रम आयोजना गरिएको बताए ।

कार्यक्रममा रोटरी क्लब अफ तिनाउ बुटवलका अध्यक्ष रमिला शर्मा, जेसीआइ भैरहवा पूर्व अध्यक्ष विष्णु पाण्डे, सामाजिक सञ्जाल प्रभावकर्ता गोमा ज्ञवाली, पत्रकार पूजा पन्थीलगायतले यो पर्वको महत्वको बारेमा बताउँदै संस्कृति जगेर्ना गर्नुपर्ने बताएका थिए ।

मङ्गलबार दिनभर सैलुनमा आउने करिब २ सय जनालाई निःशुल्क मेहेन्दी लगाइएको सञ्चालक ठाकुरले जानकारी दिए ।

**यस्ता छन् छुट**

यसैबीच सोही कार्यक्रममा समृद्धि युनिशेक्स सलोन तथा एकेडेमीले छुटको योजना सार्वजनिक समेत गरेको छ । समृद्धिसँगै स्कुटर चढौं योजनाअन्तरगत वर्षभर आउने ग्राहक मध्यबाट एक जनालाई स्कुटर प्रदान गर्ने योजनालाई निरन्तरता दिनुको साथै बजारमा भन्दा आधा कम शुल्कमा अन्य सेवाहरू दिने दाबी गरेको छ ।

सञ्चालक ठाकुरले केराटिन ४ हजार, हेयर बोटक्स ५५ सय, हाइड्रा फेसियल २२ सय तथा अन्य सेवामा २० प्रतिशत छुट रहेको बताए ।


## आवश्यकता

यस सिद्धार्थ पब्लिकेशन प्रा.लि. द्वारा प्रकाशित पत्रिका दैनिक लुम्बिनीका लागि देहाय बमोजिमको कर्मचारी आवश्यक परेकोले इच्छुक उम्मेदवारबाट दरखास्त आह्वान गरिन्छ ।

| क्र.सं. | पद | आवश्यक संख्या | योग्यता |
|---|---|---|---|
| १ | बजार प्रबन्धक | केही | कम्तिमा +2 पास, सम्बन्धित क्षेत्रमा दक्ष |

तलब तथा अन्य सुविधा: आपसी सहमतिमा तय गरिनेछ ।
दरखास्त दिने अन्तिम मिति: २०८१ साउन ०५ गतेसम्म
सम्पर्क
दैनिक लुम्बिनी
सिद्धार्थ पब्लिकेशन प्रा.लि. परिवार
बुटवल-११, माझगाउँ, देवीनगर
फोन नं: ०७१-५३०६४०, ९८५७०३८३१२



## सुशासन कायम गरौं ।

- सार्वजनिक सेवा प्रवाह गर्दा सम्बन्धित व्यक्ति र निकाय जिम्मेवार बनौं ।
- विकास निर्माणका कार्यमा नागरिक निगरानी बढाऔं ।
- विकास योजना तर्जुमा, कार्यान्वयन र अनुगमनको प्रक्रियामा जनसहभागिता जुटाऔं ।
- सार्वजनिक सेवालाई सरल, पारदर्शी र जवाफदेही बनाऔं ।
- सार्वजनिक सेवा तथा विकास निर्माणबारे सूचनाको हक प्रयोग गरी जानकारी मागौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड



## ट्वाइलेट सफा गराउनुहोस्

बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।
गगन सेनेटरी ९८६७०२१६१४, ९८१५४४७६४८
मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
गगन सेनेटरी (२) ९८०४४१३२८७, ९८१२९८६३१७
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०



## आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा डिजाइनका साथै सम्पूर्ण छपाईको लागि सधैं हामीलाई सम्झनुहोस्
सम्पर्क:
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३
मो.९८५७०३५३८०, ९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com



नेपाल सरकारद्वारा मान्यता प्राप्त पश्चिम नेपालकै पहिलो बहु विशेषज्ञ दन्त अस्पताल
## आले डेण्टल हस्पिटल प्रा. लि.
श्रवणपथ, बुटवल-६, रूपन्देही, नेपाल (भुड्कीचोक देखि ५० मिटर पूर्व)
071-530108, 532544 dentalhospitalale@gmail.com www.aledentalhospital.com
दाँत, मुख तथा गिजा उपचार केन्द्र







"Healthy Smile, Happy Life" Our Location "स्वस्थ मुस्कान, खुशी जीवन"


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com